श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सिंचाइ व्यवस्थापन नीति तथा प्रविधि विकास आयोजनाले जापानबाट खरिद गरी पैठारी गर्ने निम्न सर्भे इक्वीपमेन्टमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. पेन्टपाक्स अटोमेटिक थेओडोलाईट – १ (एक)
२. " अटोमेटिक लेभल – १ (एक)
३. " अलमुनियम स्टाफ – ४ (चार)

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सनातन धर्म सेवा समिति धुलिखेलले भारत जयपुरबाट आयात गरेको गणेश, शिव र कृष्णको मूर्तिहरूमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी क्यालिफोर्निया-स्थित हिमालय फेयर संस्थाले कोशी अञ्चल अस्पताल, विराटनगरको लागि उपहार-स्वरूप प्रदान गर्न पैठारी हुने कार्डिक डिफिब्रिलेटर (जनरल इलेक्ट्रिक मोडेल ४६–२०४१०० पी. आई. वी.) र ब्याट्री चार्ज प्याएक (जनरल इलेक्ट्रिक मोडेल ४६–२०४१०० पी. ३) मा लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२६